

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २७१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असोज २५ गते बिहीबार ❑ 12 Oct. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पोखरामा तोरीपानीबाट पुनःप्याराग्लाईडिङ गर्ने अन्तिम तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, २४ असोज




दुरीका हिसावले केही टाडा र अभ्यस्त नएको स्थानमा स्थान्तरण भएको पोखराको प्याराग्लाईडिङलाई पहिलाकै अबस्थामा फर्काउन पहिलाकै स्थान पोखरा १८ स्थित तोरीपानी बाहकोटबाट पुनः साहसिक खेल प्याराग्लाईडिङ संचालन हुने भएको छ।

पोखरा अन्तरास्ट्रिय विमानस्थल संचालन भएसंगै पहिलाको प्याराग्लाईडिङ गर्ने स्थान तोरीपानीको विकल्पमा हाल पोखरा २४ को मान्द्रेढुंगाबाट हुदै आएको प्याराग्लाईडिङ पहिलाकै ठाँउ तोरीपानीबाट हुने अन्तिम तयारी भएको नागरिक उड्डयन प्राधिकरण हवाई सुरक्षा प्रमुख राजु श्रेष्ठले शुधबार पोखरामा आयोजित एक कार्यक्रममा बताउनु भयो । नेपाल हवाई खेलकुद संस्था (ना) को २० औ साधारणसभा तथा सम्मान कार्यक्रममा वोल्दै उहाँले पोखराको पहिचान पर्यटनको मुख्य आकषर्णको रुपमा रहेको प्याराग्लाइडिङ स्थान्तरणले असर परेको जनगुनासो आएसंगै प्राविधिक रुपमा पनि उक्त स्थानबाट उडान भर्न मिल्ने भएकोले पहिलाकै ठाँउबाट प्याराग्लाईडिङ सार्ने तयारी भएको बताउनु भएको हो। प्याराग्लाईडिङ गर्दा सुरक्षालाई पहिलो प्रथामिकता दिनु पर्ने नियम भित्र बसेर समस्या समाधानको लागि सहकार्य गर्ने प्रमुख श्रेष्ठले बताउनु भयो। पोखरा गुगलमा खोजी गर्दा पहिला ताल र हिमाल देखिने उल्लेख गर्दै उहाँले हाल प्याराग्लाईडिङ समेत देखिने बताउनु भयो। २० बर्षको प्रयासमा पोखरामा प्याराग्लाईडिङ व्यावसाय सफल भएको उहाँले बताउनु भयो।अबपोखराकोप्याराग्लाईडिङ व्यवसायलाई बचाउने अभियानमा निजी क्षेत्रसंग सरकारले सहकार्य गर्ने उहाँले उल्लेख गर्नु भयो । पोखरा अन्तरास्ट्रिय विमानस्थल संचालन भएसंगै हवाई सुरक्षाको कारण देखाउदै नागरिक उड्डयन प्राधिकरणले पहिला देखि उडान हुँदै आएको स्थान सराङकोटको तोरी पानी हवाई सुरक्षाले स्थान्तरण गरेको थियो। व्यावसायी र ना को विशेष पहलमा हाल पोखरा २३ को मान्द्रेढुंगाबाट प्याराग्लाईडिङको उडान हुँदै आए पनि उक्त स्थानबाट प्याराग्लाईडिङ हुदाँ कमको संख्यामा पर्यटकले प्याराग्लाईडिङ गर्ने भएकोले पुनः पहिलाकै स्थान पोखरा १८ सराङकोटको तोरीपानी बाहकोटबाट उडान हुने तयारी भएको हो। नाका अध्यक्ष सुनिल भट्टराईले उच्च प्राविधिको प्रयोग गरि हवाई सुरक्षाको प्रत्याभूती गराउने विश्वास व्यक्त गर्नु भयो । विश्वका विज्ञबाट परिक्षण गरि विधि प्रविधि अपनाउदै मान्द्रेढुंगाबाट उडान सुरू भएको बताउनु भयो। तोरीपानीबाट प्याराग्लाईडिङ गर्ने अनुमती प्राप्त भए पहिलाकै लयमा फर्किने उहाँले बताउनु भयो । सोलो पाईलट हाल अनुमती नदिएकोले गर्दा राजश्व गुमाएको, विदेशीसंग अनुभव साटसाट गर्न अवसरबाट प्याराग्लाईडिङ पाइलटहरु बन्चित हुने अध्यक्ष भट्टराईले गुनासो गर्नु भयो । पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरा अन्तरास्ट्रिय विमानस्थल संचालनले प्याराग्लाईडिङ विस्थापित हुने शंका रहे पनि केही स्थान्तरणले गर्दा प्याराग्लाईडिङ खेलगतिविधिमा समस्या भएको दाबी गर्नु भयो । नेपाल पर्यटन बोर्ड प्रादेशिक कार्यालयका बरिस्ठ अधिकृत कुन्दन मिश्रले प्याराग्लाईडिङ गतिविधि र पूर्वाधार मर्मत संहारमा ३० लाख बजेट विनियोजन गरिएको बताउनु भयो । निवर्तमान अध्यक्ष कृष्ण भण्डारीले पोखरा विश्वको पाँचौ उत्कृष्ट प्याराग्लाईडिङ भएको अवस्थामा पनि हाल समस्यामा रहेको बताउनु भयो । मान्द्रेढुंगाबाट हाल प्याराग्लाईडि गर्दा असहज भएको उहाँले गुनासो गर्नु भयो। क्यानले सास्ति दिएको उहाँको भनाई थियो । नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष बिमला भण्डारीले साहासिक खेल गतिविधि संचालनमा सुरक्षालाई प्रथामिकता दिन अनुरोध गर्नु भयो । पोखरा ६ का वडा अध्यक्ष बिष्णुबहादुर भट्टराईले प्याराग्लाईडिङ उडान गर्दा हाल १२ हजार रूपैया लिनुले यसको क्रेज घट्दो रूपमा रहेको बताउनु भयो । सोलो सहित तोरीपानी र सराङबोटबाट समेत उडान गर्ने वातावरण मिलाउन उहाँले आग्रह गर्नु भयो । नाका महासिचव खेमराज आचार्यले हाल ६२ वटा प्याराग्लाईडिङ कम्पनी


बाँकी अन्तिम पृष्ठमा ▶▶


## कास्कीमा एक हजार चार सय बढीमा डेङ्गु

**पोखरापत्र संवाददाता**
पोखरा, २४ असोज

जिल्लामा पछिल्ला दिनमा डेङ्गुको सङ्क्रमण बढेको छ । जिल्ला स्वास्थ्य कार्यालयका अनुसार हालसम्म एक हजार चार सय ८१ मा सङ्क्रमण पुष्टि भएको छ।

केही दिनयता पोखराका अस्पतालमा डेङ्गु भएर उपचारका लागि आउनेको सङ्ख्या दैनिक बढ्दै गएको जनाइएको छ। स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा अहिले ११ जना डेङ्गुका बिरामी उपचाररत छन्। त्यसमध्ये दुईको सघन उपचार कक्षमा उपचार भइरहेको अस्पतालका निर्देशक डा भरतबहादुर खत्रीले बताउनुभयो । "अहिले दैनिक डेङ्गु सङ्क्रमितको सङ्ख्या बढिरहेको छ । पानी पर्न नरोकिएकाले अझै केही दिन सङ्क्रमण बढ्ने देखिन्छ", उहाँले भन्नुभयो, "सङ्क्रमितमा उच्च ज्वरो आउने, मांशपेशी दुख्ने, टाउँको दुख्ने, आँखा वा आँखाका गेडी दुख्ने, वान्ता हुने, थकान तथा बेचैनी हुने, जोर्नी दुख्ने लक्षण देखिने गरेका छन्।" स्वास्थ्य कार्यालयका प्रमुख बद्री आचार्यले सङ्क्रमणबाट बच्नका लागि सचेतना नै महत्वपूर्ण हुने जनाउँदै लामखुट्टेको टोकाइबाट बच्नुपर्ने बताउनुभयो।"कास्कीमा सङ्क्रमण बढ्दै गएको छ । सचेतनाका कार्यक्रम गरिए पनि सङ्क्रमण कम हुन सकेको छैन", उहाँले भन्नुभयो, "डेङ्गुबाट बच्नका लागि लामखुट्टेको टोकाइबाट बच्नु नै उपयुक्त उपाय हो। यसका लागि पानी जम्मा हुने खाल्डाखुल्डी पुर्ने, एसी, कुलरबाट जम्मा हुने पानी दैनिक परिवर्तन गर्नेलगायत कुरा सबैलाई जानकारी गराउनु पर्दछ ।" आचार्यका अनुसार पोखरामा वडा कार्यालय, विभिन्न सङ्घ संस्थाले डेङ्गु सचेतनाका कार्यक्रम गर्दै आएका छन् । "सङ्क्रमण बढेपछि लामखुट्टेको 'सर्च एण्ड डिस्ट्रोय' कार्यक्रम सञ्चालन गरिएको छ", उहाँले भन्नुभयो । वर्षात्को समयमा पानी जम्ने भएकाले डेङ्गुको सङ्क्रमण बढी फैलिने गरेको चिकित्सक बताउँछन्।

गण्डकी प्रदेशमा हालसम्म छ हजार सात सय ७८ जनामा सङ्क्रमण देखिएको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार प्रदेशका ११ जिल्लामध्ये हालसम्म तनहुँ र कास्कीमा डेङ्गु सङ्क्रमणदर उच्च छ । मुस्ताङ बाहेकका अन्य सबै जिल्लामा सङ्क्रमण देखिएको छ।

## असोज २८ गते क्षत्री दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, २४ असोज



क्षत्री समाज नेपालले असोज २८ गते घटस्थापनाका दिन विविध कार्यक्रमहरुका साथ क्षत्री दिवस मनाइने भएको छ।

समाजले यस बर्ष जातीय सदभाव कायम गरौ भने नारालाई देशब्यापी रुपमा पुराउन क्षत्री दिवस कार्यक्रमहरु केन्द्रित हुने समाजका केन्द्रीय अध्यक्ष प्रा.डा दिल बहादुर क्षत्रीले बताए । देश पहिचानका लागी नेतुत्व दायी भुमिका खेलेको क्षत्री जातीको इतिहास रहेको छ । जनसंख्यामा सबै भन्दा धेरै भएको क्षत्री जातीले राष्ट्र राष्ट्रियाता प्रति समाजको भुमिका सधै सकृय सकारत्मक बनाउदै आएको केन्द्रीय अध्यक्ष क्षत्रीले बताए । समाजे जातिय बिरुद्ध हुने सम्पुर्ण गतिविधिका बिरुद्ध राष्ट्रिय अखण्डता र जातीय सदभाव का लागी समाज सकृय रहने केन्द्रीय उपाध्यक्ष एंव प्रचार बिभाग प्रमुख कृष्ण बहादुर थापाले बताए। केन्द्रीय समितिको अहावनमा देसैभर विविध कार्यक्रमहरु साथ गरिने क्षत्री दिवस विशेष कार्यक्रम, क्षत्री समाज नेपाल कास्कीको आयोजनामा असोज २८ गते बिहान समाज बाट क्षत्री भेषभुषा, पोशाक, बाजागाजा, सरुन खेलको प्रदशन, झाकी, भजन, चुटका सहित पोखराको मुख्य बजार परिक्रमा सहित प्रदशनी केन्द्रमा दुर्गा सभा हुने उक्त सभामा सम्मान सहित छात्रवृत्ती बितरण गरीने जिल्ला अध्यक्ष पदम बहादुर कार्कीले बताए। सो कार्यक्रमलाई सफल पार्न आम क्षत्री जातीलाई सहभागिता गराउन अध्यक्ष कार्कीले अहवान गरेका छन्।

## भ्रष्टाचारविरुद्धको लडाइँ कुनै हालतमा रोकिँदैन : उपप्रधानमन्त्री श्रेष्ठ

**पोखरापत्र संवाददाता**
पोखरा, २४ असोज



उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले भ्रष्टाचारविरुद्धको लडाइँ कुनै हालतमा नरोकिने बताउनुभएको छ।

नेपाल राष्ट्रिय लोक तथा दोहोरी गीत प्रस्तिष्ठान गोरखाको आयोजनामा सदरमुकाममा बुधबारदेखि सुरु भएको बृहत् लोकदोहोरी महोत्सव '२०८०'को उद्धाटन गर्दै उपप्रधानमन्त्री श्रेष्ठले भ्रष्टाचारको अन्त्य नगरेसम्म समृद्ध नेपाल निर्माण गर्न सम्भव नहुने बताउनुभयो। उपप्रधानमन्त्री श्रेष्ठले नेपालमा समृद्धिको प्रक्रिया अगाडि बढाउनका लागि सुशासन अनिवार्य सर्त रहेको उल्लेख गर्दै सुशासन कायम नभएसम्म देशले समृद्धि हासिल गर्न नसक्ने बताउनुभयो।

"देशलाई सुशासन, समृद्धि र सामाजिक न्यायको दिशामा अगाडि बढाउने अठोटका साथ हामीले काम गरिरहेका छौँ", उहाँले भन्नुभयो, "तर जनताले जीवनमा परिवर्तन महसुस हुने गरी काम हुन सकेको छैन, त्यसका लागि सुशासन अनिवार्य सर्त हो ।" उपप्रधानमन्त्री श्रेष्ठले भ्रष्टाचारको प्रभावकारी नियन्त्रण गरी दण्डहीनताको अन्त्य गरेर मात्र जनतालाई सहज ढङ्गले सेवाप्रवाह गर्नसक्ने गरी देशको सुशासन र समृद्धिको प्रक्रियालाई अगाडि बढाउन सकिने उल्लेख गर्नुभयो । उहाँले जनताले आफ्नो दैनिक जीवन नै फेरिएको अनुभूति गर्ने गरी काम गर्न सरकार प्रतिबद्ध भएर लागेको बताउनुभयो।


**बालअधिकारप्रति संवेदनशील बनौं ।**

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन्।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारको सुनिश्चित गरौ, गराऔं।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं।

बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## सुन तस्करी : राहुलसहित चार जनाविरुद्ध मुद्दा

**रासस**
पोखरा, २४ असोज

विद्युतीय चुरोट (भेप) मा लुकाएर सुन तस्करी गरेको आरोपमा पूर्वसभामुख कृष्णबहादुर महराका छोरा राहुल (रेशमबहादुर) सहित चार जनाविरुद्ध बुधबारकाठमाडौँ जिल्ला अदालतमा मुद्दा दर्ता भएको छ । सङ्गठित अपराध, भन्सार छलीलगायत कसुर गरेको आरोपमा निजविरुद्ध मुद्दा दायर गरिएको जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख, सहन्यायाधिवक्ता अच्युतमणि नेउपानेले बताउनुभयो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# विश्व शान्तीको कामना गर्दै कास्कीकोटमा नवदुर्गा महोत्सव हुने

पोखरापत्र संवाददाता
पोखरा, २४ असोज

कास्कीकोट दरबारमा रहेको गुप्तकालीका मन्दिरमा विश्व शान्तीको कामना गर्दै नवदुर्गा महोत्सव हुने भएको छ।



गुप्तकाली काश्यप धार्मीक क्षेत्रविकास समितिको आयोजनामा बडा दशैंको अवसरमा घटस्थापनादेखि नवमीसम्म उक्त महोत्सव हुन लागेको हो। परापुर्व कालदेखि तान्त्रीक तथा वैद्धिक पुजा हुदै आएको मन्दिरमा यस वर्ष विश्वमा भैइरहेको युद्ध तथा प्राकृतीक प्रकोप वाट मानवीय तथा भौतीक क्षती नहोस् भन्दै शान्तीको कामनार्थ घटस्थापनादेखि दशमीसम्म पुजारीहरू मन्दिरमा नै बसेर गुप्तकालीकाको पूजा गरिने धार्मीक क्षेत्रविकास समितिका अध्क्षय दिलिप विक्रम शाहीले बताए। घटस्थापनाको दिन असोज २८ गते विधिवत रुपमा कोतमा प्रवेश गरी नवदुर्गाभर विशेष रुपमा चण्डी पाठ दुर्गा कवज हुने धार्मीक क्षेत्रविकास समितिका सचिव ठाकुर प्रसाद त्रिपाठीले बताए। त्रिपाठीका अनुसार कास्कीकोट गुप्तकालीका मन्दिरमा परापुर्व काल देखि पर्व विशेषमा विभिन्न गतिविधि संचालन हुदै आएका छन्। यस वर्षको बडा दशैंको १० दिन सम्म कोतघरमा पाणा पुजारी सहित विश्व शान्तीको कामना गर्दै विशेष पुजा गरिने भएको हो।

बडा दशैंको फुलपातीमा पोखराको रामघाट वाट लगेको फुलको डोली विधिवत मन्दिर प्रवेश गराएर नवपत्रिकाको तान्त्रीक पुजा गरीने त्रिपाठीले बताए। उनले भने फुलपातीकै दिन कुवर जातीको लोप उन्मुख सैन्य अभ्यास सरुन खेल समेत प्रर्दशन गरिने कार्यक्रम रहेको छ। अष्ठमीको दिन मध्यरातमा कालरात्रीको पुजा र नवमीमा पञ्चवली दिने गरिन्छ। दशमीमा मन्दिरमा टिका ग्रहण गरी वास्पानीकालीकामा फुलपत्र सहित पुजा विर्सजन हुने छ।

यहाँ नेपालमा नै लोपोन्मुख सरुङ खेल र मालश्री धुन प्रस्तुत गरिने सचिव ठाकुर प्रसाद त्रिपाठीले बताए। कास्कीकोटमा दशैको बेलामा बजाइने नगरा, सत्रौं शताब्दीका ढाल तरबारहरू लगायत तोपहरूको समेत प्रदर्शन गरिने मन्दिरका अमाली खिम वहादुर कार्कीले बताए। यहाँ पूजा र पञ्चबली भाकल गर्नेहरूको दैनिक भिड लाग्ने गर्छ। गुप्तकालीका मन्दिरमा कास्की राज्यको स्थापनासँगै यहाँ हरेक दसैंमा विशेष पूजा हुँदै आएको छ। यस ठाउँबाट नै कास्की जिल्लाको नामाकरण भएको मानिन्छ।

# प्रदेश प्रमुख समक्ष अख्तियारको प्रतिवेदन

पोखरापत्र संवाददाता
पोखरा, २४ असोज

अ ख्ति या र दुरुपयोग अनुसन्धान आयोग पोखरा कार्यालयले आयोगको आव २०७९/८० को वार्षिक प्रतिवेदन गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङ समक्ष पेस गरेको छ। प्रदेश प्रमुखको कार्यालयमा आज आयोजित कार्यक्रममा आयोगका कार्यालय प्रमुख सन्तोष तिमल्सिनाले प्रदेश प्रमुख गुरुङलाई उक्त प्रतिवेदन हस्तान्तरण गर्नुभएको हो।

कार्यालय प्रमुख तिमल्सिनाले आव २०७९/८० मा छानबिनमा रहेका कूल एक हजार चार सय ४२ उजुरीमध्ये नौ सय ७८ उजुरी (६७दशमलव८२ प्रतिशत) फछ्र्यौट भई चालु आवका लागि चार सय ६४ उजरी जिम्मेवारी सरेर आएको जानकारी दिनुभयो। उजुरी परेका क्षेत्रमध्ये सङ्घीय मामिला (स्थानीय तहसमेत) का ३५दशमलव९५ प्रतिशत, शिक्षा(स्थानीय तह समेतका) १४दशमलव५५ प्रतिशत, भूमि प्रशासनसँग सम्बन्धित छ दशमलव०९ प्रतिशतलगायत रहेको उहाँको भनाइ थियो। आर्थिक वर्ष २०७९/८० मा विस्तृत अनुसन्धानबाट भएको कारबाहीअन्तर्गत एक सय ६२ वटा आरोपपत्र विशेष अदालतमा दायर गर्ने निर्णय भएको कार्यालय प्रमुख तिमल्सिनाले बताउनुभयो। दायर मुद्दामध्ये सबैभन्दा बढी ६४ मुद्दा गैरकानुनी लाभहानीसंग सम्बन्धित थियो। प्रदेश प्रमुख गुरुङले सबै आधार जुटाएर कारबाही बढाउनुपर्ने कार्य चुनौतीपूर्ण भए पनि संविधान र व्यवस्थाप्रति जनताको आस्था जगाउने गरी काममा क्रियाशील हुन आग्रह गर्नुभयो।

# विश्वकप फुटबल छनोटका लागि नेपाली टोलीको घोषणा

रासस
काठमाडौं, २४ असोज

अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले फिफा विश्वकप-२०२६ को पहिलो चरणअन्तर्गत लाओसविरुद्ध खेलका लागि बुधबार २३ सदस्यीय नेपाली फुटबल टोलीको घोषणा गरेको छ।

नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनेसेले नयाँ खेलाडी अमृत श्रेष्ठ र सञ्जीव विष्टलाई समेट्दै २३ सदस्यीय टोलीको घोषणा गर्नुभएको हो। प्रशिक्षक एनेसेले लाओसविरुद्धको खेल आफनो लागि अवसर भएको बताउँदै टिममा रहेका नयाँ र ऊर्जावान युवाको सहभागिताले प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्ने विश्वास व्यक्त गर्नुभयो। हिमालयन शेर्पा क्लबका डिफेन्डर अमृत श्रेष्ठ र न्यूरोड टिमका फरवार्ड सञ्जीव विष्ट पहिलो पटक राष्ट्रिय टोलीमा प्रवेश गरेका हुन्। विश्वकप छनोटअन्तर्गत पहिलो खेलमा नेपालले भोलि लाओससँग खेल्नेछ। त्रिपुरेश्वर स्थित दशरथ रङ्गशालामा हुने उक्त खेल बिहीबार साझ ५:३० बजे हुनेछ। होम एण्ड अवेका आधारमा हुने उक्त छनोट खेलमा नेपालले लाओससँग दोस्रो खेल यही असोज ३० गते उसकै मैदानमा खेल्नेछ। यस खेलको विजेता टोलीले विश्वकप छनोटको दोस्रो चरणमा स्थान बनाउने छन्। राष्ट्रिय फुटबल टोलीका कप्तान किरण चेम्जोङले लाओसविरुद्धको खेलका लागि आफनो टोलीले राम्रो अभ्यास गरेको बताउनुभयो। छनोट हुने नेपाली टोलीको गोलकिपरमा किरणकुमार लिम्बू, दीप कार्की र अभिषेक बराल छन्। डिफेन्डरमा सनिश श्रेष्ठ, अनन्त तामाङ, आशिष गुरुङ, रोहित चन्द, अञ्जन राई, आशिष चौधरी र अमृत श्रेष्ठ छन्। मिडफिल्डरमा एरिक विष्ट, सुदिप गुरुङ, लाकेन लिम्बू, आवास लामिछाने, उत्सव राई, कृतिश रत्न छुन्जु र मनिष डाँगी छन् भने फरवार्डमा अन्जन विष्ट, आयुष घलान, जिलेस्पे जंग कार्की, दिनेश हेन्जन, हिसुब थपलिया र सञ्जीव विष्ट रहेका छन्।

# पोखरामा 'एक्सिस' ब्याण्डको बिहीबार विशेष प्रस्तुति हुने

पोखरापत्र संवाददाता
पोखरा, २४ असोज

नेपालकै चर्चीत ब्याण्ड 'एक्सिस'ले करिब एक दशक पछि पोखरामा बिहीबार बिषेश प्रस्तुतीः राख्ने भएको छ। बिहिबार बेलुका लेकसाइड स्थित किडस लाउन्ज पोखरामा एक्सिस व्याण्डको बिषेश प्रस्तुती हुने भएको हो।

पोजेटिभ भाईभ इन्टरटेनमेन्ट नेटवकको व्यवस्थापनमा हुने उक्त कार्यक्रममा एक्सिसको प्रस्तुतीःले पोखरेलीहरुलाई भरपूर्ण मनोरन्जन दिने भएको पोजेटिभ भाईभ इन्टरटेनमेन्ट नेटवकका निर्देशक विकेस कायस्थले बताउनु भयो। एक्सिसको टोली बिहिबार बिहान पोखरामा आउने कार्यक्रम तय भएको आयोजकले जनाएको छ। उक्त कार्यक्रमको अन्तिम तयारी पूरा भएको निर्देशक कायस्थले बताउनु भयो। उहाँले भन्नुभयो"हामीलाई विश्वास छ, पोखरा यस्तो शहर हो जहाँ प्राकृतिक, सांस्कृतिक सहित साङ्गीतिक व्याण्डहरुलाई उत्तिकै साथ र माया गर्ने शहर हो, त्यो हाम्रो टिमले अवश्य पाउने छ।"

किडसमा एक्सिस व्याण्डको प्रस्तुतीः सहित किड्स हाउस व्याण्ड र डि.जे. गरी तीन चरणको कार्यक्रम हुने भएको किडसका लाउन्ज पोखराका संचालक ध्रुर्व केसीले बताउनु भयो। बेलुका करिब ७:१५ बजे देखि आफ्नै ब्याण्ड किड्स हाउस ब्याण्डको प्रस्तुतीले सुभारम्भ भएको माहोलमा बेलुका करिब ९:३० बजे पछि नेपालकै चर्चीत ब्याण्ड एक्सिसको बिषेश प्रस्तुती रहने भएको उहाँले जनाउनु भयो।

युवा बर्गलाई आकर्षण गर्न ब्याण्डको साथमा डि.जे.को समेत प्रस्तुती रहने भएको केसीले बताउनु भयो। कोभिड १९ बाट प्रभावित भएको पोखरा क्षेत्रको पर्यटन प्रबर्द्धनमा उक्त कार्यक्रमले थप टेवा पुग्ने उहाँले विश्वास व्यक्त गर्नु भयो।

सन् २००३ मा संगठित भएको उक्त व्याण्डले २००४ मा ब्ल्याक एण्ड ह्वाइट मार्फत पहिलो एलबम बजारमा ल्याएको थियो। त्यसै गरी २००९ मा माफ गरिदेउ र २०१७ मा गाउँ घर गरी तीन एलबम श्रोता तथा दर्शक माझ ल्याएको छ।

त्यसै गरी उक्त व्याण्डले ल्याएको एलबममा अधुरो प्रेम, मुस्कान, मेरो प्रेम, तिमी फेरी आउन, हे मोरी, एक चोटी लगायतका चर्चीत गितहरु रहेका छन्। उक्त व्याण्डका चर्चीत भोकलिष्ट सन्दिप विश्वकर्मा रहनु भएको छ। यसैबिच, एक्सिसले हालै पाइला एलबम बजारमा ल्याएको छ। उक्त एलबम पाइला आफ्नो अफिसियल यूटुव च्यानलबाट सार्वजनिक गरेको हो।

# पोखरामा ...

रहेको उल्लेख गर्दै १० जना महिला सहित ३ सय ९९ जना प्याराग्लाईडिङ पाईलटहरू रहेको बताउनु भयो। पहिला दैनिक जसो ४/५ सय हाल प्याराग्लाईडिङ गर्ने गरे पनि हाल १ सय जनाले मात्र प्याराग्लाईडिङ गर्ने गरेको उहाँले जनाउनु भयो। ६ हजार ५ सय रुपैयामा करिब १५ देखि २० मिनेटको प्याराग्लाईडिङ उडान गर्दा लाग्ने शुल्क हाल ठाँउ स्थान्तरण भएसंगै करिब दोब्बरले बृद्धि भई १२ हजार पुगेसंगै यसको आकर्षण ह्वात्तै घटेको व्यवसायीहरु बताउनु हुन्छ। प्राविधिक हिसावले खर्चिलो भएकोले गर्दा हाल उक्त मुल्यमा बृद्धि भएको नाले जनाएको छ।

यसैबिच, नागरिक उड्डयन प्राधिकरण हवाई सुरक्षा प्रमुख राजु श्रेष्ठलाई पोखराको विस्थापित हुन लागेको प्याराग्लाईडिङलाई व्यबस्थापन गर्न महत्वपूर्ण भूमिका खेलेको भन्दै नाले उक्त अवसरमा सम्मान गरेको थियो।

# 'आन्तरिक प्रतिस्पर्धाबाट योग्य नेतृत्व चयन'

पोखरापत्र संवाददाता
बागलुङ, २४ असोज

नेकपा (एमाले) का उपमहासचिव पृथ्वी सुब्बा गुरुङले आन्तरिक प्रतिस्पर्धाबाट योग्य नेतृत्व चयन हुने बताउनुभएको छ। यसरी नेतृत्व चयन हुनु कम्युनिष्ट पार्टीका लागि उदारणीय भएको उहाँले बताउनुभयो।

ग ण्ड की प्र्देशका पूर्वमुख्यमन्त्री गुरुङले प्रतिस्पर्र्धाबाट नै योग्य र सक्षम नेता जन्मिने भएकाले प्रतिस्पर्धालाई सामान्यरुपमा लिनुपर्ने बताउनुभयो। एमाले जिल्ला कमिटी बागलुङले बुधबार यहाँ आयोजना गरेको गण्डकी प्रदेश अधिवेशनमा निर्वाचित पदाधिकारीको सम्मान कार्यक्रममा उहाँले प्रतिस्पर्धाबाट नेतृत्व चयन गर्ने एमाले मात्र कम्युनिष्ट पार्टी भएको बताउनुभयो।

नेता गुरुङले भन्नुभयो, "यो आन्तरिक निर्वाचन हो, अब निर्वाचन सकिएपछि यसको असर पर्न हुँदैन।"

एमालेले अब झनै सशक्त भएर साङ्गठनिक गतिविधि अघि बढाउने उल्लेख गर्दै नेता गुरुङले एमाले जनता र कार्यकर्तामा आधारित पार्टी भएको बताउनुभयो।


## सूचना ! सूचना ! सूचना !

यही असोज २७ गते शनिबार नेपाल गल्फ संघको विद्यान अनुसार प्रदेश गल्फ संघ गण्डकी तथा कास्की जिल्ला गल्फ संघको प्रथम विधान अधिवेशन हुने व्यहोरा जानकारी गराउँदै सम्पूर्ण गल्फरज्यूहरुलाई गरिमामय उपस्थितिको लागि सादर अनुरोध गर्दछौं।

**कार्यक्रम:** विद्यान अधिवेशन
**स्थान:** हिमालयन गल्फ कोर्ष, पोखरा- १४ छिनेडाँडा
**समय:** विहान ११: ०० बजे
**मिति:** २०८०/०६/२७ गते शनिबार

नोटः विधान अधिवेशनमा नै गल्फरज्यूहरुलाई सदस्यता प्रदान गरिनेछ।

**कास्की जिल्ला गल्फ संघ**
**तदर्थ समिति पोखरा**




## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ । - फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# सरकारको सक्रियता देखाउने बेला

इजरायलमा नेपालीहरूको उद्धारका लागि सरकारले तदारुकता नदेखाएको आरोपबाट वचन परराष्ट्र मन्त्री एनपी साउद आफैं इजरायल जाँदैछन । बुधबार राति ११ बजे नेपाल एयरलायन्सको विमान नेपालीहरूलाई लिन इजरालय जाँदैछ । सोही जहाजमा परराष्ट्र मन्त्री साउद इजरायल जान लागेको छन । नेपालीहरूको उद्धार टोलीको नेतृत्व मन्त्री स्वयंले गर्दैछन् । सर्वदलीय बैठकमा इजरायलमा परराष्ट्र मन्त्रीलाई पठाउने सुझाव थियो । सरकारले हवाई रुट नपाएको भन्दै इजरायलमा विमान पठाउन ढिलाई भएको छ । जति सक्यो चाँडो उद्दारका लागि सरकारले हरसंभव प्रयास गर्नुपर्नेमा ढिलाई भएको अनुभव सबैले गरेका छन ।

बुधबार सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकले नेपाल आउन चाहने नेपालीहरूलाई लिन नेपाल एयरलाइन्समा परराष्ट्रमन्त्रीलाई पठाउने निर्णय गरेको हो । सरकारका लागि मन्त्री इजरायल पठाउने निर्णय जनताको आक्रोश मत्थर पार्ने उपाय हो । नेपाल आउन चाहनेमध्ये सबैभन्दा बढी विद्यार्थीहरूलाई प्राथमिकतामा राखिएको छ । बैठकले इजरायलमा रहेका नेपाली नागरिकले व्यवसायिक उडानमार्फत् नेपाल आउन चाहे त्यसको भाडा नेपाल सरकारले व्हार्होर्ने निर्णय पनि गरेको छ । पहिलो चरणमा गर्नुपर्ने काम नगरी राष्ट्रिय शोक घोषणा गरेको सरकारले लाज छोप्ने काम मात्र गरेको छ ।

परराष्ट्र मन्त्रालयले इजरायलस्थित नेपाली दूतावाससँग समन्वय गरी स्वदेश फर्किने नेपालीहरूको विवरण संकलन गरेको छ । परराष्ट्र मन्त्रालयका प्रवक्ता सेवा लम्सालले ३५० जनाभन्दा बढीले दूतावासमा आवेदन दिएको जानकारी गराएकी छन । तीमध्ये २८८ जना नेपाल फर्किने रहेका छन्। सुरक्षा प्रोटोकलअनुसार मिलेसम्म नेपालीहरूको उद्धार गरिने परराष्ट्र मन्त्रालयले जनाएको छ ।

गत शनिबार प्यालेस्टाइन विद्रोही हमासको आक्रमणमा परी १० जना नेपालीको मृत्यु भएको छ। चार जना घाइते भएका छन् भने एक जना अज्ञात रहेका छन् । घाइतेमध्ये दुई जना डिस्चार्ज भएको परराष्ट्र मन्त्रालयले जनाएको छ । नेपालीहरूको शव इजरायल सरकारको संरक्षणमा रहेको भन्दै हस्तान्तरण गरेपछि मात्रै उच्च प्राथमिकता साथ नेपाल ल्याउने परराष्ट्रको भनाई छ । आपत र विपतको समयमा सरकार बढी सक्रिय हुनुपर्छ । नेपाली उखान मौकाम हिरा फोर्नु भने जस्तै अहिले सरकार प्रोएक्टीभ हुने बेला हो।सरकार भएको अनुभूति गराउन पनि सरकारको सक्रियता जरुरी छ ।



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : कार्यमा सफलता |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बढ्ने | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# अतिक्रमित संरचना भत्काउन थालियो

पोखरापत्र संवाददाता
म्याग्दी, २४ असोज

म्याग्दी सदरमुकाम बेनी बजारभित्रको सडकलाई अतिक्रमणमुक्त बनाउने अभियान सुरु भएको छ । बेनी नगरपालिकाले बजारभित्र सडकलाई अतिक्रमण गरी बनाइएका सडक, पेटी र अव्यवस्थित पूर्वाधार हटाउन थालेको हो ।

पटक-पटकको अनुरोध र सार्वजनिक सूचनालाई अटेर गरेपछि नगरपालिकाले बेनीको अस्पतालचोकबाट सडक मापदण्डलाई कार्यान्वयनमा ल्याउनका लागि अतिक्रमित संरचना भत्काउन सुरु गरेको छ । सडक मिचेर बनाइएका र अव्यवस्थितरूपमा बनाइएका पेटी, सिँढी भत्काउने र सडकलाई पराकिलो बनाउन काम अघि बढेको बेनी नगरपालिका-८ का वडाध्यक्ष उत्तमकुमार कर्माचार्यले जानकारी दिनुभयो । नगरपालिकाले डोजर लगाएरै अतिक्रमित संरचना भत्काउन थालेको छ । अतिक्रमित जग्गामा बनेका संरचना भत्काउन जनप्रतिनिधिले समन्वय गर्ने गरी डोजर र नगर प्रहरीलाई परिचालन गरिएको उहाँले बताउनुभयो । बेनी बजारलाई अतिक्रमणमुक्त बनाउने अभियानअन्तर्गत नगरपालिकाका प्रमुख सुरत केसीको शिक्षामार्ग र महारानीथानमा आफ्नै लगानीसमेत रहेको माउण्ट एभरेष्ट आवासीय माविले मिचेको सडक र घरको अव्यवस्थित पेटी भत्काएर अभियान सुरु गरिएको थियो । नगरपालिकाले वडाका जनप्रतिनिधिसहितको टोली खटाएर करिब पाँच महिना अगाडि घरमा मोटरसाइकल लैजान सडक छेउछाउका घरधनीलाई अव्यवस्थितरूपमा बनाइएका सडकपेटी आफैं हटाउन भनी सार्वजनिकरूपमा 'रेडमार्क' लगाए पनि घरधनीले अटेर गरेपछि नगरपालिका आफैँले बाध्य भएर डोजर चलाएर अव्यवस्थित सडकपेटी हटाउन सुरु गरेको नगरप्रमुख केसीले जानकारी दिनुभयो । बजार क्षेत्रमा साँघुरो सडक र त्यही सडक मिचेर पेटी तथा अस्थायी संरचना, पाली बनाएपछि हिँडडुल गर्न अप्ठेरो भएको थियो । सडकपेटीका कारण पैदलयात्रीलाई निकै सास्ती भएको थियो । नगरपालिकाले बजारभित्र अस्थायी र सार्वजनिक संरचनामा व्यवसाय सञ्चालन गरिरहेकालाई समेत धमाधम हटाउनथालेकोछानगरपालिकाले बजार क्षेत्रमा अव्यवस्थितरूपमा रहेका बिजुली, केबल र इन्टर नेटका पोल तथा तारसमेत व्यवस्थित गरिसकेको छ। बेनीको वीरेन्द्रचोक, कालीपुल बसपार्क, हस्पिटलचोक, हाँडेभिर क्षेत्र तथा बेनी बजारभित्र पनि धेरै ठाउँमा मापदण्डविपरीतका संरचना छन् । नगरपालिकाले यो आर्थिक वर्षभित्र सबै संरचना हटाउने अभियानअन्तर्गत वीरेन्द्रचोकमा रहेको १५ सटर पसल तथा ट्याङ्की, बसपार्क, कालिपुल, पिपलचोकमा व्यापारिक प्रयोजनको संरचना हटाइसकेको छ ।

# पटेरनीघाट झोलुङ्गे पुल उद्घाटन

पोखरापत्र संवाददाता
बेनी, २४ असोज

म्याग्दीको जिल्लाको मालिका गाउँपालिका-१, खोप्टी र वडा नं ६ लाई जोड्ने म्याग्दी नदीमाथि पटेरनीघाट झोलुङ्गे पुल निर्माण भएको छ ।

रु ५९ लाख नौ हजार तीन सय ६५को लागतमा एक सय १४ मिटर लामो झोलुङ्गे पुल निर्माण भएपछि म्याग्दी नदी वारि र पारिका बासिन्दालाई आवतजावतमा सहज भएको छ । विसं २०७८ असोजदेखि सुरु भएको पुल निर्माणको काम २०८० असोज २१ गते सम्पन्न भएको थियो । मङ्गलबार प्रतिनिधिसभा सदस्य खमबहादुर गर्बुजा 'खम्बिर'ले उद्घाटन गर्दै विकास निर्माणका पूर्वाधारले स्थानीयवासीको दैनिक जीवनमा सहयोग पुग्ने बताउनुभयो ।

क्षेत्रगत कार्यक्रम (स्वाप)को आर्थिक सहयोग, टिविएसयु र पिटिएपी पोखरा र मिलन म्याग्दीको प्राविधिक तथा सामाजिक सहयोग एवं स्थानीयवासीको श्रमदानमा झोलुङ्गे पुल निर्माण भएको उपभोक्ता समितिका अध्यक्ष कर्ण मल्लले जानकारी दिनुभयो । पुल निर्माण भएपछि स्थानीयवासीलाई आवतजावत र सामान ढुवानीमा सहज हुने भएको छ ।

# डेङ्गी बढ्यो, परीक्षण किट छैन

पोखरापत्र संवाददाता
बागलुङ, २४ असोज

जिल्लामा डेङ्गीको समस्या बढिरहेकोमा सरोकारवालाले चिन्ता व्यक्त गरेका छन्। धौलागिरि अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा रविरञ्जन प्रधानले दैनिक डेङ्गीका बिरामी बढे पनि त्यसका लागि अत्यावश्यक रगत परीक्षण कीट नभएको गुनासो गर्नुभयो ।

स्वास्थ्य कार्यालयले पनि डेङ्गी रोग महामारीको रूपमा आएकोले रगत परीक्षण कीट भिज्याउन सबैको चासो र पहल हुनुपर्ने आवश्यकता औँल्याउँदै मङ्गलबार डेङ्गी, स्क्रब टाइफस, सापुलगायतको जोखिमबारे सरोकारवालाको ध्यानाकर्षणसमेत गरायो ।

जनस्वास्थ्य निरीक्षक लक्ष्मी शर्माले ती समस्याबारे प्रस्तुती गर्दै लामखुट्टे, सेतो पुतली र मुसामा लाग्ने भुसुनाबाट जोगिनुपर्नेमा जोड दिनुभयो । अहिले डेङ्गी परीक्षणको कीट नभएकोले रगत परीक्षण गर्न नसकिएको उहाँको भनाइ थियो । स्वास्थ्य कार्यालयका प्रमुख प्रवीण शर्माले भन्नुभयो, "तनहुँमा महामारी भएकाले धेरै सेवा उतै गएको छ, भोलि यहाँ पनि सङ्क्रमण बढ्ने अवस्था छ, त्यसका लागि मन्त्रालय तहसम्म पहल गरेर कीट तयारी राख्नुपर्छ ।" धौलागिरि अस्पतालले पाँच सय कीट मागेकामा अहिलेसम्म नआएको उहाँको गुनासो थियो । अस्पतालमा आउने बिरामीमध्ये ३० प्रतिशत ज्वरोका मात्रै भएको तथ्याङ्क छ । "दैनिक पाँच सयसम्म बिरामी आइरहेका छन्, तीमध्ये ३० प्रतिशत ज्वरोका छन्,' प्रमुख शर्माले भन्नुभयो, "अहिलेको महामारी भएकोले सबैको डेङ्गी परीक्षण गर्न चाहे पनि सकिएको छैन ।" अस्पतालमा आइतबारसम्म परीक्षण भएका एक सय ३९ डेङ्गीका सङ्क्रमित छन् । बागलुङको बुर्तिबाङ, बडिगाड र गलकोट क्षेत्रमा डेङ्गीका बिरामी धेरै भेटिएको बताउँदै उहाँले खोज र नष्ट गर अभियान चलाएर सङ्क्रमण रोक्ने प्रयास भए पनि दैनिक बिरामी बढेको छ भन्नुभयो ।

कीट व्यवस्थापनका लागि जिल्ला दैवीप्रकोप उद्धार समिति स्वास्थ्य कार्यालय तथा मनसुनजन्य विपत् व्यवस्थापन समितिले पहल गर्ने निर्णय गरेको छ । प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालको अध्यक्षतामा सबै पालिकाका जनप्रतिनिधि, कार्यालय प्रमुख तथा स्वास्थ्य, रेडक्रस र धौलागिरि अस्पतालका पदाधिकारीले पनि महामारी नियन्त्रणमा चासो दिएका थिए । चाडपर्वमा बढ्न सक्ने महामारीप्रति सचेत हुन र परीक्षणको दायरा बढाउन तत्काल कीट तथा औषधिको भण्डारण बढाउन उनीहरूले सुझाव दिएका थिए ।

# वालिङ नगरपालिकाले खुला प्रतिस्पर्धाबाट प्रधानाध्यापक चयन गर्ने

पोखरापत्र संवाददाता
वालिङ, २४ असोज

स्याङ्जाको वालिङ नगरपालिकाले नगरभित्रका सामुदायिक विद्यालयमा खुला प्रतिस्पर्धाबाट प्रधानाध्यापक चयन गर्ने भएको छ ।

सामुदायिक विद्यालयमा खस्किँदै गरेको शैक्षिक गुणस्तरलाई सुधार गर्नका लागि नगरपालिकाले योग्यता र क्षमताका आधारमा खुला प्रतिस्पर्धाबाट प्रधानाध्यापक नियुक्ति गर्ने निर्णय गरिएको नगरप्रमुख कृष्ण खाणले बताउनुभयो ।

"सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर कमजोर हुँदै जाँदा विद्यालयमा बालबालिका तथा अभिभावकको आकर्षण घट्दै गइरहेको छ", उहाँले भन्नुभयो, "सामुदायिक विद्यालयमा सरकारले गरेको लगानीअनुसारको नतिजा प्राप्ति गर्नमा सहयोग पुऱ्याउने उद्देश्यसहित खुला प्रतिस्पर्धाबाट प्रअ नियुक्ति गर्ने तयारीमा छौँ ।"

नगरभित्र १६ माध्यमिक तह र ५६ आधारभूत तह गरी ७२ वटा सामुदायिक विद्यालय रहेका छन् । बहत्तर सामुदायिक विद्यालयमध्ये पहिलो चरणमा माध्यमिक तहतर्फका आठवटा विद्यालय र आधारभूत तहतर्फका आठ गरी कुल १६ विद्यालयमा शैक्षिक योग्यता र क्षमताका आधारमा खुला प्रतिस्पर्धाबाट प्रअ नियुक्ति गरिने भएको हो ।

"पहिलो चरणमा १६ वटा विद्यालयमा खुला प्रतिस्पर्धाबाट प्रअ नियुक्ति गर्छौं", उहाँले भन्नुभयो, "खुला प्रतिस्पर्धाबाट नियुक्ति हुँदा विद्यालयको शैक्षिक गुणस्तरका लागि प्रभावकारी भूमिका खेल्न सक्ने विश्वासमा छौँ ।" नगरभित्रका सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या घट्दै गएकाले जनप्रतिनिधि तथा सरकारी कर्मचारी, सामुदायिक विद्यालयका शिक्षक-शिक्षिकालाई आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा पढाउन प्रेरित गरिने उहाँले बताउनुभयो ।

प्रअ नियुक्ति हुनका लागि शिक्षकले माध्यमिक तहमा कम्तीमा पाँच वर्ष स्थायी सेवा गरेको र स्नातकोत्तर पास गरेको वा १० वर्ष स्थायी सेवा र स्नातक उत्तीर्ण गरेकालाई प्रधानाध्यापक नियुक्ति गर्ने कानुनी व्यवस्था रहेको शिक्षा अधिकृत दुर्गा न्यौपानेले बताउनुभयो । आधार भूत तहमा प्रअ हुनका लागि शिक्षा विषयमा कम्तीमा स्नातक गरेको हुनुपर्नेछ ।

# बेमौसमी वर्षाले मुस्ताङमा स्याउ उत्पादन घट्यो

रासस
मुस्ताङ, २४ असोज

गत वर्ष रु एक लाख साठी हजारको स्याउ बेचेका मुस्ताङको घरपभोङ गाउँपालिका-५ ठिनीका राजेन्द्र थकालीले यस वर्ष रु एक लाख बीस हजारको मात्र बिक्री गर्नुभयो । थकालीका अनुसार बगैँचामा एक सय ५० स्याउका बोट छन् ।

गत वर्ष रु १२ लाखको स्याउ बेचेका ठिनीकै भूपेन्द्र थकालीले पनि यस वर्ष बगैँचामा स्याउ कम फलेकाले रु पाँच लाखमा ठेक्कामा दिएको बताउनुभयो । राजेन्द्र र भूपेन्द्र मात्र नभएर यहाँका सबैजसो किसान यसपाली स्याउ खेतीबाट आम्दानी घटेकामा निराश भएका छन् ।

"स्याउमा फूल खेल्ने वैशाख, जेठमा दिउँसो वर्षा र रातिमा परेको तुसारोले कम फल लागेको छ," राजेन्द्र भन्नुभयो, "बोटमै कम फल लागेकाले उत्पादन र आम्दानी पनि घट्यो ।" स्याउ मुस्ताङबाट निकासी हुने प्रमुख फलफूल हो । यसपाली स्याउ उत्पादन ४० प्रतिशतले घट्न सक्ने अनुमान गरिएको कृषि ज्ञान केन्द्र मुस्ताङका प्रमुख प्रकाश बस्ताकोटीले बताउनुभयो । "फूल खेलेर परागशेचन हुने समयमा धेरै वर्षा हुँदा फूलबाट दाना कम लागेको छ," उहाँले भन्नुभयो "यसवर्ष स्याउको फूल फुल्ने समय वैशाख-जेठमा वर्षाले बोटमा परागसेचन (पोलिनेशन) हुन पाएन् ।" मुस्ताङको एक हजार चार सय ७५ हेक्टर क्षेत्रफलमा स्याउ खेती भएकामा पाँच सय ८० हेक्टर क्षेत्रफलमा लगाइएको बोटले उत्पादन दिने गरेको केन्द्रले जनाएको छ । "३८ हेक्टर क्षेत्रफलमा इटलीबाट ल्याइएको उच्च घनत्वको स्याउ खेती लगाइएको छ", प्रमुख बस्ताकोटीले भन्नुभयो, "गत वर्ष जिल्लामा छ हजार छ सय मेट्रिक टन स्याउ उत्पादन भएको थियो ।" रु पचास करोड मूल्य बराबरको चार हजार छ सय २० मेट्रिक्टन स्याउ म्याग्दी, बागलुङ, पोखरा, चितवन, बुटवल, काठमाडौँलगायतका सहरमा निकासी भएको उहाँले जानकारी दिनुभयो । बगैँचामा प्रतिकिलो रु एक सयदेखि रु एक सय २० का दरले स्याउ बिक्री हुने गरेको बस्ताकोटीले बताउनुभयो ।

मुस्ताङका बगैँचामा हिजोआज स्याउ टिप्ने, प्याकिङ गरेर बजार पठाउनेको चटारो रहेको भन्दै किसान भूपेन्द्रले स्याउ पाकेपछि असोज १ गतेदेखि टिपेर बजार पठाउन थालिएको बताउनुभयो । "यसअघिको वर्षमा मङ्सिरसम्म स्याउ बोटमै हुन्थ्यो । अहिले असोजमै सबैजसो बगैँचाहरू रित्तिन थालेका छन्", उहाँले भन्नुभयो, "नपाकँदै साउन भदौमै अग्रिम पैसा लिएर बगैँचा व्यापारीलाई ठेक्का दिने गरेका छौँ ।" किसान बलबहादुर थकालीले ठेक्का लिएका व्यापारी आफैँले स्याउ टिपेर बजार लैजाने गरेका बताउनुभयो । "स्याउलाई बजारको समस्या छैन," उहाँले भन्नुभयो "फलाउन सक्नु पऱ्यो जति पनि बिक्री हुन्छ ।"

धादीङबाट स्याउ खरिद गर्न मुस्ताङ आएका शिवाङ तामाङले पातलो फलेपनि दाना ठूला र स्वादिष्ट रहेको बताउनुभयो । बेनी, बागलुङ र पोखराका बजारमा मुस्ताङको स्याउको माग उच्च रहेको उहाँको भनाइ थियो ।

# कृषि पेसाबाट वार्षिक १२ लाख आम्दानी

पोखरापत्र संवाददाता
तनहुँ, २४ असोज

तनहुँको भिमाद नगरपालिका-३ शेर्का आपसबाँराका धनबहादुर थापाको दैनिकी कृषिमा बितिरहेको छ । पचास वर्षीय थापाले मौरी, कुखुरा र बाख्रापालनबाट वार्षिक रु १२ लाख आम्दानी गरिरहनुभएको छ ।

विसं २०७५ मा 'सप्तरङ्गी कृषि तथा पशु फार्म' दर्तापछि भीमाद बजारबाट सात किलोमिटरमाथि सुरुङमार्गको किनारामा उहाँले उक्त फार्म सञ्चालन गरेसँगै व्यावसायिक रूपमा कृषि पेसा सुरु गर्नुभएको हो । "बारीका ढिस्कामा मौरीका घार लहरै बनाएको छु । बारीका वरपर बुट्यान भएकाले मौरीलाई फूलका रस ल्याउन सजिलो हुन्छ", थापाले भन्नुभयो ।

पाँच वर्षदेखि कृषि पेसा गर्दै आउनुभएका उहाँले यसवर्ष रु १२ लाख आम्दानी गरेको बताउनुभयो । उहाँका अनुसार फार्ममा हाल ४० वटा मौरीसहितका घार रहेका छन् । यसवर्ष मौरीको गोला र मह उत्पादनबाट मात्रै रु चार लाख आम्दानी भएको थापाले जानकारी दिनुभयो । उहाँका अनुसार एक गोला मौरीसहितको घार रु दश हजार र महको मानाको रु एक हजारमा बिक्री हुने गरेको छ । त्यस्तै एक हजार एक सय कुखुरा बिक्री गरी रु पाँच लाख र बाख्राबाट रु तीन लाख आम्दानी भएको थापाको भनाइ थियो । मौरीपालन व्यवसाय गर्नका लागि कृषि ज्ञान केन्द्र तनहुँले रु दुई लाख, भीमाद नगरपालिकाले खानेपानीको पाइप खरिदका लागि रु ७० हजार अनुदान दिएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त आम्दानी फार्मको स्तरोन्नतिमा खर्च भएको छ । चालीस रोपनी जग्गामा कृषि पेसा सुरु गर्नुभएका थापाले आठ रोपनी जग्गामा उन्नत जातका घाँस तथा फलफूल खेती गर्नुभएको छ । उहाँले भन्नुभयो, "विसं २०४८ देखि सामाजिक क्षेत्रमा लागेको थिए । यसबाट गाउँसमाजमा सहयोग पुगे पनि आफ्नो आर्थिकस्तरका कारण अब आत्मनिर्भर बन्नुपर्छ भन्ने लागेर कृषि पेसा सुरु गरेको हुँ ।"

# ठडिँदै 'मानवताका मन्दिर'

रासस
पोखरा, २४ असोज

नेपाललाई मानवीयताको देश बनाउने लक्ष्यमा समर्पित 'मानवसेवा आश्रम'का ठाउँठाउँमा भवन निर्माण भइरहेका छन्।

आश्रमका अभियन्ताका भनाइमा ती भवन 'मानवताका मन्दिर' हुन्। गण्डकी प्रदेशस्थित आश्रमका कास्की, बागलुङ, लमजुङ र गोरखा शाखा अब छिट्टै आफ्नै भवनबाट सञ्चालन हुने कास्कीस्थित मानवसेवा आश्रमका संयोजक सदिस पुनले बताउनुभयो। आश्रमको पोखरा महानगरपालिका-२५ हेम्जामा निर्माणाधीन भवन रु १० करोडको लागतमा बन्न लागेको हो। "भुईंतला र तेस्रो तला फिनिसिङ हुने चरणमा छ", संयोजक पुनले भन्नुभयो, "बीचको तलाका लागि पोखरा महानगरले रु ७१ लाख सहयोग गर्ने कबोल गरेकाले बजेटको पखाइमा छौँ, अरु दाताबाट पनि सहयोग आइरहेको छ।" रु पाँच लाख ११ हजार एक सय ११ सहयोग गर्ने दाताको नाममा कोठाको नामकरण गरिने भएपछि २० भन्दाबढी त्यस्ता सहयोगी जुटेको उहाँले बताउनुभयो। आश्रम निर्माणका लागि गतवर्ष माघमा आयोजना गरिएको महायज्ञबाट रु तीन करोडबढी आर्थिक सङ्कलन भएको संयोजक पुनले बताउनुभयो। विसं २०७५ चैतदेखि निर्माण थालिएको उक्त आश्रम भवन दुई सय जनालाई आवसीय सुविधा दिने गरी बन्न लागेको हो। आश्रमको कास्कीमा दुईवटा सेवाकेन्द्र छन्। हेम्जामा एक सय ११ जना र छोरेपाटनमा ६५ जना असहायले आश्रय लिइरहेको संयोजक पुनले बताउनुभयो। छोरेपाटनसेवाकेन्द्रमा महिला मात्र आश्रित रहेको उहाँले उल्लेख गर्नुभयो। "सहयोगापेक्षी सडकआश्रित मानवको उद्धार र जीवन रक्षामा आश्रम क्रियाशील छ", संयोजक पुनले भन्नुभयो, "आश्रमले बेसहारा, अशक्त, अभिभावकविहीन, मानसिक तथा शारीरिक रूपमा कमजोर, सडकआश्रित मानवको व्यवस्थापन, औषधोपचार र पालनपोषण गर्दै आएको छ।" सुविधायुक्त भवन बनेपछि आश्रमको सेवामा सहजता थपिने उहाँले बताउनुभयो। आश्रम निर्माणमा प्रदेश सरकार, पोखरा महानगरलगायत सरकारी निकाय, सङ्घ संस्था र सर्वसाधारण दातालगायतको हातेमालो रहेको संयोजक पुनले उल्लेख गर्नुभयो। आश्रमको बागलुङ शाखा भवन पनि निर्माणकै चरणमा छ। बागलुङ नगरपालिका-४ निरयघाटमा बन्न लागेको आश्रमको ४० प्रतिशत निर्माण सकिएको निर्माण समितिका अध्यक्ष शिव खड्काले बताउनुभयो। "स्रोत जुटाउन सकियो भने विसं २०८२ भित्र भवन निर्माण सम्पन्न गर्ने लक्ष्य छ", उहाँले भन्नुभयो, "रु. १२ करोड ७५ लाखको लागत योजनासहित आश्रम निर्माणको काम भइरहेको छ।" अध्यक्ष खड्काका अनुसार आश्रमका लागि चालु आवमा गण्डकी प्रदेश सरकारबाट रु २५ लाख, बागलुङ नगरपालिकाबाट रु चार लाख, बरेङ गाउँपालिकाबाट रु छ लाख, गलकोट नगरपालिकाबाट रु पाँच लाख र म्याग्दीको बेनी नगरपालिकाबाट रु चार लाख बजेट विनियोजन भएको छ। प्रदेश सरकाले गत आवमा रु ५० लाख बजेट दिएको अध्यक्ष खड्काले जानकारी दिनुभयो।

गत आवको तुलनामा चालु आवमा कम बजेट रहेकाले भवन निर्माणमा केही ढिलाइ हुने देखिएको उहाँले बताउनुभयो। "जतिसक्दो भवन निर्माण सकेर नयाँ ठाउँबाट सेवा दिन हामी आतुर छौँ", आश्रमका अभिभावकसमेत रहनुभएका खड्काले भन्नुभयो, "अहिले अस्थायी संरचनाबाट आश्रम चलिरहेको छ, साँघुरो ठाउँबाट सेवा सञ्चालन गर्नुपर्दा व्यवस्थापनमा जटिलता छ।" परिवार र समाजबाट अपहेलित भएर सडकमा पुगेकाको संरक्षण गर्ने उद्देश्यले स्थानीय अभियन्ता तथा स्वयंसेवी युवाहरूको पहलमा विसं २०७२ मा बागलुङमा आश्रम खोलिएको थियो। आश्रममनोरोग, अपाङ्गता, गरिबीलगायत कारणले सडकमा पुगेका सहयोगापेक्षीको सहारा बन्दै आएको छ। अहिलेसम्म सयौँ सडक मानवलाई उद्धार गरिसकिएको र कैयनको परिवारसँग पुनर्मिलन भएको सो आश्रमका संयोजक विपना तामाङले बताउनुभयो। मानवीय सेवाको पवित्र उद्देश्य राखेर आश्रम बनाउन लागिएकाले विभिन्न क्षेत्रबाट आर्थिक सहयोग प्राप्त भइरहेको उहाँको भनाइ छ। बागलुङनगरपालिकाले जग्गा व्यवस्थापन गरिदिएपछि दुई वर्षअघि आश्रमको भवन निर्माण सुरु भएको थियो। तीन तले उक्त भवन पनि दुई सय क्षमताको रहने संयोजक तामाङले बताउनुभयो। उक्त भवनमा योग, ध्यान र प्रशिक्षणका लागि छुट्टै कक्ष रहने जनाइएको छ। गोरखा र लमजुङ शाखाको भवन निर्माण पनि तीव्र गतिमा भइरहेको मानवसेवा आश्रमका केन्द्रीय सदस्य सुमिरा लामाले बताउनुभयो। "अहिलेको आर्थिक मन्दिले केही असर पुगे देखिएको छ, तैपनि विसं २०८२ भित्रमा आश्रमका सबै शाखा र सेवाकेन्द्रको आफ्नै भवन बनाउने लक्ष्यसहित हामी काममा खटिएका छौँ", केन्द्रीय सदस्य लामाले भन्नुभयो। उहाँका अनुसार लमजुङ शाखा भवनको रु १५ करोड र गोरखाको शाखा भवनको रु तीन करोड लागत योजना रहेको छ। गण्डकी प्रदेशसहित देशभर गरी ११ जिल्लामा आश्रमका भवन निर्माणको चरणमा रहेको केन्द्रीय सदस्य लामाले उल्लेख गर्नुभयो। आश्रमको केन्द्रीय कार्यालय हेटौँडासहित शाखा कार्यालय रुपन्देही र चितवनको भने भवन बनेर पनि सेवा सञ्चालनमा आइसकेको जनाइएको छ। मोरङ, झापा, सर्लाही, पर्सा, धनगढी, काठमाडौँ र ललितपुरमा पनि भवन निर्माणको प्रक्रिया अगाडि बढेको केन्द्रीय सदस्य लामाले बताउनुभयो। रु १२ करोडको लागतमा काठमाडौँमा बन्ने भवनका लागि नागार्जुन नगरपालिकाले जग्गा र काठमाडौँ महानगरपालिकाले बजेट उपलब्ध गराएको उहाँको भनाइ छ। मानवसेवा आश्रमले अहिलेसम्म १९ जिल्लामा सेवा विस्तार गरिसकेको छ। हाल देशभरका आश्रमका शाखा र सेवाकेन्द्रमा गरी एक हजार छ सयभन्दा बढीले आश्रय लिइरहेको केन्द्रीय सदस्य लामाले जानकारी दिनुभयो।

उहाँका अनुसार हालसम्म दुई हजार आठ सय बढीको पारिवारिक पुनर्मिलन भएको छ भने दुई हजार दुई सयभन्दाबढी उपचारपछि स्वेच्छाले आश्रमबाट बाहिरिएका छन्। आश्रममै रहेका बेला आठ सय २६ जनाले मृत्युवरण गरेको जनाइएको छ। यस्तै छ सय ३१ जनाको सामुदायिक पुनःस्थापना भएको छ। मानवसेवा आश्रम 'सबैका लागि खाना, नाना र छाना'को आदर्श वाक्यसहित नेपाललाई सडकआश्रित मानवरहित राष्ट्र बनाउने महाअभियानमा जुटेको केन्द्रीय सदस्य लामाले बताउनुभयो। "सारा व्यक्तिगत इच्छा त्यागेर सयौँ अभियन्ता र साधकसाधिका मानवसेवामा समर्मित हुनुभएको छ", उहाँले भन्नुभयो, "सबैको साथ र हौँसलाले लक्ष्य प्राप्तिमा हामीलाई ऊर्जा र प्रेरणा मिलेको छ।" मानवसेवा आश्रमले तत्कालीन योजनामा आश्रमका भवन निर्माण, सडकआश्रित मानवरहित नेपाल घोषणा, मानवता अध्ययन केन्द्र स्थापना र ज्येष्ठ नागरिक मनोरञ्जन केन्द्र निर्माणलाई अघि सारेको छ। मध्यकालीन योजनामा विसं २०८७ भित्र मानवसेवा आश्रमलाई मानवता, परोपकार र सामाजिक विषयको अध्ययन तथा अवलोकन गन्तव्यका रूपमा विकास गर्ने र सातै प्रदेशमा मानसिक स्वास्थ्य लाभ केन्द्र (अस्पताल) स्थापनालाई समेटिएको केन्द्रीय सदस्य लामाले बताउनुभयो। "हाम्रो दीर्घकालीन योजना र लक्ष्य नेपाललाई मानवीयताको राष्ट्र बनाउनु हो", उहाँले भन्नुभयो।

# बजार भरे मुस्ताङी च्याङ्ग्रा

रासस
म्याग्दी, २४ असोज

दसैं पर्वलाई लक्षित गरेर मुस्ताङबाट च्याङ्ग्रा बजार निकासी हुन थालेको छ। म्याग्दी, कास्की, पर्वत, बागलुङ, काठमाडौँलगायत जिल्लाबाट च्याङ्ग्रा खरिद गर्नका लागि व्यापारी मुस्ताङका कृषकको गोठमै पुगेका छन्। भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मुस्ताङका निमित्त प्रमुख ऋषिराम पोखरेलले मङ्गलबारसम्म एक हजार दुई सय भेडा च्याङ्ग्रा निकासी भएको जानकारी दिनुभयो।

"जोमसोमको नाकाबाट मङ्गलबार मात्रै चार सयवटा च्याङ्ग्राको स्वास्थ्य परीक्षण गरेर निरोगिताको प्रमाणपत्र जारी भएको छ", उहाँले भन्नुभयो, "पछिल्लो तीन दिनको अवधिमा एक हजार दुई सय च्याङ्ग्रा निकासी भएको छ।" प्रतिगोटा च्याङ्ग्राको स्वास्थ्य परीक्षण गरेबापत पशु चिकित्सकलाई रु १५ शुल्क तिर्नुपर्छ। स्वास्थ्य परीक्षण गरेर निरोगी पशु मात्र एक जिल्लाबाट अर्को जिल्लामा लैजान पाइन्छ। यस वर्ष दसैँका लागि मुस्ताङका कृषकले पालेका चार हजार र डोल्पाबाट आउने चार हजार गरी आठ हजार भेडाच्याङ्ग्रा निकासी हुने अनुमान गरेको पोखरेलले बताउनुभयो। कृषकले प्रतिगोटा रु ३५ देखि ४० हजारको हाराहारीमा च्याङ्ग्रा बिक्री गरेका उहाँले बताउनुभयो। गत वर्ष छ हजार छ सय, २०७८ सालमा १२ हजार र २०७६ अघि वार्षिक २० देखि २५ हजारको सङ्ख्यामा मुस्ताङबाट भेडाच्याङ्ग्रा निकासी भएको भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको तथ्याङ्क छ।

पछिल्लो चार वर्षयता चिनियाँ च्याङ्ग्रा नआएको र मुस्ताङमा च्याङ्ग्रा कम भएकाले माग धान्न नसकेर मूल्य बढेको कृषक करन गुरुङले बताउनुभयो। तीनदेखि चार वर्ष उमेरका च्याङ्ग्रा मासुका लागि बजार पठाउने गरिएको छ। हिमाली भेगमा पालन गरिएका भेडाच्याङ्ग्राले लेकाली जडीबुटी खाने भएकाले मासु पोषिलो र स्वादिष्ट हुने उपभोक्ताको अनुभव छ। दसैँ-तिहारमा च्याङ्ग्राको मासुको खपत बढी हुने गर्छ। मुस्ताङकोवारागुङमुक्तिक्षेत्र, घरपफोङ, लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकामा ४८ हजार च्याङ्ग्रा पालिएका छन्। पैसङ्गीवटा ठूला च्याङ्ग्रा फार्म छन्। लोमान्थाङ र लोघेकर दामोदरकुण्डका कृषकले ३० देखि ५० वटासम्म घर-घरमा च्याङ्ग्रा पालेका छन्। हिमचितुवा, ब्वाँसो र जङ्गली कुकुरले च्याङ्ग्रालाई आक्रमण गरेर क्षति गर्ने गरेको छ। तीन वर्षअघिसम्म प्रतिगोटा च्याङ्ग्राको रु २५ हजार थियो। कोरोना महामारीका कारण चिनियाँ कोरला नाकाबाट च्याङ्ग्रा आयत नभएकाले मुस्ताङको च्याङ्ग्राको मूल्य बढेको व्यापारी यामबहादुर कार्कीले बताउनुभयो। वैशाख र भदौ महिनामा लाग्ने मेलामा तिब्बतबाट उपल्लो मुस्ताङमा च्याङ्ग्रा आयात हुने गर्दथ्यो। मुस्ताङी च्याङ्ग्राको हुल भित्रिएसँगै दसैँ आगमनको महसुस गराउँछ।

# ढोरपाटनमा निजी लगानी आउने आशा

रासस
बागलुङ, २४ असोज

नेपालको एकमात्र सिकार आरक्षसमेत रहेको ढोरपाटन सिकार आरक्ष क्षेत्रमा ठूला पूर्वाधारहरू नहुँदा आरक्ष स्थापनाको ४० वर्षसम्म ढोरपाटनको मुहार फेरिएको छैन।

"ढोरपाटनमा धेरै विशिष्ट व्यक्तिहरू राष्ट्रपति, प्रधानमन्त्री तथा मन्त्रीसमेत पटक-पटक आउनुभयो, तर ढोरपाटनका लागि आवश्यक लगानी, नीति तथा कार्यक्रम आएन", बागलुङको ढोरपाटन नगरपालिकाका नगरउपप्रमुख कल्याण कायतले भन्नुभयो, "ढोरपाटन आउने सडक निकै समस्यामा छ, पाहुनालाई राख्ने सुविधा सम्पन्न होटलहरूको अभाव छ, प्राकृतिक सुन्दरता हेर्नका लागि आउने पर्यटकहरूलाई पूर्वाधारको कमी छ, अब हामीलाई आश्वासन हैन लगानी आवश्यक छ, ढोरपाटन ठूला लगानीकर्ता पर्खिरहेको छ।" उहाँका अनुसार निजी क्षेत्रका उद्यमी तथा व्यवसायीहरूको छाता सङ्गठन नेपाल उद्योग वाणिज्य महासङ्घको हालै सम्पन्न केन्द्रीय बैठकले ढोरपाटनमा निजी क्षेत्रको लगानी आउनेमा आशा जागेको छ। ढोरपाटनको विकास निजी क्षेत्रको सहकार्य बिना सम्भावना नहुने भन्दै कायतले नगरपालिकाले यसका लागि पहलकदमी गर्ने बताउनुभयो। ढोरपाटनप्रचुरसम्भावनाभएरसमेत लगानीकर्ताको नजरमा नपरेको उहाँले बताउनुभयो। ठूला होटल, स्थानीय उत्पादनको बजारीकरण, 'हाइअल्टिचियुट' खेल मैदान, कृत्रिम ताल, स्याउ बगैँचा, प्याराग्लाइडिङ र पदयात्रा पर्यटन लगायतको ठूलो सम्भावना रहे पनि हालसम्म लगानी भित्रिन नसक्नु ढोरपाटनका लागि दुःखद रहेको कायतको भनाइ छ।

निकै सम्भावना भएरसमेत निजी क्षेत्रको ध्यान नपुगेको भन्दै चन्द्रप्रसाद ढकाल नेतृत्वको नेपाल उद्योग वाणिज्य महासङ्घले यही असोज १५ र १६ गते केन्द्रीय बैठकसँगै पर्यटनको सम्भावना र लगानीको विषयमा अन्तरक्रिया आयोजना गरेको थियो। ढोरपाटनमा स-साना होटल सञ्चालनमा आउने क्रम जारी रहेको सन्दर्भमा ठूला होटलको खाँचो रहेको ढोरपाटनका स्थानीय बेदबहादुर विकले बताउनुभयो। उहाँले निजी क्षेत्रका उद्यमी तथा व्यवसायीको ढोरपाटन भ्रमणले ढोरपाटनमा लगानीको ढोका खुलेको बताउनुभयो।

"सामान्य पर्यटकीय स्थलहरूमा ठूलो लगानी गरेको निजी क्षेत्रले ढोरपाटन देख्न सकेको थिएन, अहिले आशावादीसमेत भएका छौँ, देशभर लगानी विस्तार गर्नुभएका उद्यमी चन्द्र ढकालले ढोरपाटनको विकास र लगानी गर्नका लागि इच्छा व्यक्त गर्नुभएको छ", विकले भन्नुभयो, "विदेशी पर्यटकहरू सोझै हेलिकप्टरमार्फत आउजाउ गर्ने परम्परालाई रोक्न ठूला होटलको नै आवश्यकता छ।"

प्रचुर सम्भावना भएरसमेत निजी क्षेत्रको नजरमा नपरेको ढोरपाटनले लगानी पर्खेर बसेको ढोरपाटन सिकार आरक्षका प्रमुख संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेलले बताउनुभयो। उहाँले पहाड र हिमाली क्षेत्र मिलेर बनेको सिकार आरक्षमा सिकार खेल्न विदेशी मात्र आउने गरेको र स्वदेशीहरू सिकार आरक्षको कार्यालय वरपर मात्रै घुम्ने गरेकाले सिकार आरक्षभित्र पैदलयात्रामार्फत पर्यटक घुमाउन सके आरक्ष र स्थानीय दुवैलाई फाइदा पुग्ने बताउनुभयो।

"बागलुङसँगै पूर्वी रुकुम र म्याग्दीसम्म फैलिएको सिकार आरक्षको टकसेरा गाउँ, जलजला लगायतको प्रचार प्रसारसमेत हुन सकेको छैन, कम्तीमा ढोरपाटन आएका पर्यटकलाई जलजला पुऱ्याउन आवश्यक छ, यहाँको नाउर, झारलको संरक्षण र सिकार, स्थानीयको आर्थिक जीवनस्तर सुधार गर्न धेरै पर्यटक आउन आवश्यक छ", कँडेलले भन्नुभयो, "यहाँ आउन सडक यात्रा सहज बनाउने, सुरक्षित होटल तथा पर्यटकलाई चाहिने अन्य सुविधा थप्ने हो भने पर्यटकहरूको आगमन बढ्ने देखिन्छ।" ढोरपाटन उपत्यका, सिकार आरक्ष सङ्ग्रहालय, ढोरबराह मन्दिर, छेन्तुङ गुम्बा, स्थानपाखे लगायतको क्षेत्र पर्यटकका लागि घुम्न लायक क्षेत्र हुन्। यो क्षेत्र धार्मिक हिसाबले समेत अत्यन्तै पवित्र क्षेत्र रहेको ढोरपाटन पुण्यभूमि पुग्नुभएका जगन्नाथ आचार्यले सुनाउनुभयो। पवित्र उत्तरगङ्गा नदी र ढोरबराह मन्दिर धार्मिक आस्थाको केन्द्र रहेको आचार्यको भनाइ छ। ढोरपाटन जैविक विविधितायुक्त पर्यटकीयस्थल भएकाले यस क्षेत्रमा आतिथ्यतासम्बन्धी व्यवसायमा निजी क्षेत्र इच्छुक रहेको नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले जानकारी दिनुभयो।

"ढकालले यहाँ आउने सडक सुधार गर्न सरकार लाग्ने हो भने ठूला होटल लगायतको क्षेत्रमा आफूहरूले लगानी गर्ने सम्भावना रहेको छ, ढोरपाटनमै केन्द्रीय बैठक आयोजना गर्नु र आफ्नो गृह जिल्लासमेत भएका कारण ढोरपाटनमा केही न केही लगानी निजी क्षेत्रबाट हुन्छ", ढकालले भन्नुभयो, "हालसम्म ढोरपाटन पछि पर्नुमा निजी क्षेत्रले नदेखाएको चासो भन्ने लाग्दछ, अथाह सम्भावना छ।"

ढकालले निजी क्षेत्रको लगानीका आधारमा नेपालका थुप्रै पर्यटकीयस्थलहरूको विकास भइरहेको जनाउँदै ढोरपाटनमा निजी क्षेत्रका व्यक्तिहरू लगानीका लागि आकर्षित भएको सुनाउनुभयो। उहाँका अनुसार विदेशी सिकारीले चिनेको ढोरपाटनमा सिकारीको बसाइ जङ्गलमै हुने भएकाले सिकारीसँगै ढोरपाटनमा अन्य विदेशी पर्यटकसमेत ल्याउने योजना निर्माण गर्न आवश्यक रहेको छ। ढोरपाटनमा वार्षिक सरकारले तोकेको कोटाका आधारमा दुई याममा नाउर, झारल र बँदेलको सिकार हुने गर्दछ। यस वर्षको पहिलो सिकार याममा आरक्षमा अमेरिकाका मात्रै पाँच सिकारीसँगै विकसित देशका आठ सिकारीले सिकार खेल्न यहाँ आउन अनुमति पाइसकेका छन्। पहिलो याममा आठ नाउर, आठ बँदेल र चार नाउरको सिकार हुँदैछ।

# ड्रागन फ्रुट खेतीमा सफल गौली

पोखरापत्र संवाददाता
म्याग्दी, २४ असोज

जिल्लाको व्यास नगरपालिका-५ ढोडेनीमा व्यावसायिक रूपमा 'ड्रागन' खेती सुरु गर्नुभएकी कल्पना गौलीले पहिलो वर्षमै रू १० लाख आम्दानी गर्नुभएको छ। विसं २०७९ वैशाख १८ गते 'माँ अम्बे अलौकिक कृषि फार्म' दर्ता गरी सञ्चालन गर्नुभएकी उहाँले नौ पटकसम्म दुई हजार किलोग्राम उत्पादन गर्नुभएको हो।

यस वर्ष करिब रू दश लाख बराबरको ड्रागन बिक्री गरिसकेको उहाँले जानकारी दिनुभयो। "अब बढीमा रू तीन लाखको बिक्री हुने अनुमान गरेको छु", गौलीले भन्नुभयो, "बढीमा तीन पटक फल दियो भने पहिलो वर्षको कूल आम्दानी रू १२ देखि १३ लाखसम्म हुन्छ।" उक्त फार्ममा उत्पादन भएका ड्रागन दमौली बजार क्षेत्रमा खपत हुने गरेको उहाँले बताउनुभयो। वैशाखमा फूल खेल्न सुरु हुने र ६० दिनभित्र खानायोग्य हुने जनाउँदै गौलीले मङ्सिरसम्म फल्ने बताउनुभयो। दोस्रो वर्षमा पहिलो वर्षको तुलनामा दोब्बर उत्पादन हुने ड्रागन खेती गर्दै आएका व्यवसायीले जानकारी दिएका उहाँको भनाइ थियो। "कतिपय व्यवसायी फार्ममा आएर ड्रागन लैजानुहुन्छ। कुनै समयमा आफैँले गाडीमा राखेर बजारसम्म लगेर बिक्री गर्ने गरेको छु", गौलीले भन्नुभयो। उत्पादित ड्रागन प्रतिकिलो रू पाँच सयदेखि रू छ सयसम्म बिक्री गर्ने गरेको उहाँले बताउनुभयो। करिब नौ रोपनी क्षेत्रफल जग्गा बीस वर्षका लागि भाडामा लिएर वार्षिक रू बीस हजार भाडा बुझाउने गरी व्यवसाय थालेको किसान गौलीले जानकारी दिनुभयो। "गतवर्ष भारतको हैदरावादबाट दुई हजार एक सय ड्रागनका बिरुवा ल्याएर लगाएको थिएँ", उहाँले भन्नुभयो, "यस वर्षदेखि उत्पादन दिन सुरु गरेको छ।" सुरुमा करिब रू असी लाख खर्च भएको भन्दै उहाँले त्यसमध्ये रू ४२ लाख पचास हजार खेतीमा लगानी गरिएको गौलीले बताउनुभयो। "फार्ममा ड्रागनका साथै च्याउ, मौरी, फलफूललगायतका बहुआयामिक किसिमले खेती गरेको छु", उहाँले भन्नुभयो। फार्ममा पाँच सय पोल निर्माण गरी एउटा पोलमा चार वटाका दरले ड्रागन बिरुवा लगाएको गौलीले जानकारी दिनुभयो। एउटा पोलमा करिब रू दश हजारका दरले खर्च भएको उहाँको भनाइ थियो। बिरुवा रोपेको पाँच महिनाको अवधिमा केही बोटमा फल लागेको अनुभव सुनाउँदै किसान गौलीले बिक्री गर्न नपाए पनि आफूहरूले चाख्न पाएको बताउनुभयो।

किसान गौलीले यसवर्ष रू तीन लाख बढीको ड्रागनका बिरुवा बिक्री गर्नुभएको छ। प्रति बिरुवा रू दुई सयदेखि रू पाँच सयसम्मा बिक्री गरेको उहाँले बताउनुभयो। ड्रागनका बिरुवा लिन तनहुँलगायत विभिन्न जिल्लाबाट मानिस आउने गरेका छन्। नेपालमा अर्गानिक ड्रागन खेती विधिमा विज्ञको सुझावको अभाव रहेको किसान गौलीले गुनासो गर्नुभयो।

चसो मौसमा ढुसी रोगको प्रकोप बढ्ने भएकाले त्यसलाई रोकथाम गर्न अर्गानिक विषादीको प्रयोग गर्ने गरेको उहाँको भनाइ थियो। निमपत्ता, असुरो, तितेपाती, खिर्रो, बनमासा, सिमाली र गौमूत्रलगायतका मिसावटबाट विषादी बनाएर प्रयोग गर्ने गरेको गौलीले सुनाउनुभयो। "सोह्र वर्ष शिक्षण पेसा र १५ वर्ष दमौली बजारमा बुटिक व्यवसाय गरेकी थिएँ। अहिले ड्रागन खेतीसँगै व्यास-३ मालपोत लाइनमा 'व्यास कोसेली घर' समेत सञ्चालन गर्दै आएकी छु", उहाँले भन्नुभयो। स्थानीयस्तरमा उत्पादित अर्गानिक तरकारी, घरेलु सामग्री तथा कपडालगायत सामग्री उक्त कोसेली घरमा बिक्री गर्ने गरेको उहाँले बताउनुभयो।

# मनकामना मन्दिर परिसरमा सफाइ

पोखरापत्र संवाददाता
गोरखा, २४ असोज

संस्कृति, पर्यटन तथा नागरिक उड्यनमन्त्री सुदन किरातीको अगुवाइमा बुधबार बिहान गोरखाको प्रसिद्ध धार्मिकस्थल मनकामना मन्दिर परिसरमा सफाइ गरिएको छ। त्यस कार्यका लागि उहाँ मङ्गलबार साँझ यहाँ आइपुग्नु भएको थियो।

मन्त्री किरातीको अगुवाइमा मनकामना मन्दिर र आसपासका क्षेत्रमा रहेका फोहर सङ्कलन गरी व्यवस्थापन कार्यक्रममा स्थानीय बासिन्दा तथा विभिन्न सङ्घ संस्थाका प्रतिनिधिको समेत सहभागिता रहेको नेकपा (माओवादी) केन्द्रका जिल्ला संयोजक दीपक तिमल्सिनाले जानकारी दिनुभयो। मनकामनाको दर्शनले मनोकांक्षा पूरा हुने धार्मिक विश्वासले यहाँ भक्तजनको वर्षभरि नै भीड लाग्ने गर्दछ। वर्सेनी मन्दिरमा हजारौँ भक्तजन भाकल पूरा गर्न पूजासहित बलि चढाउन र परेवा उडाउन आउने गर्दछन्। गोरखाको शहीद लखन गाउँपालिका-२ र ३ मा पर्ने मनकामना मन्दिर नेपालकै एक महत्वपूर्ण धार्मिक तथा पर्यटकीय तीर्थस्थलका रूपमा प्रख्यात छ।